फोन नं.: ०१-५६७१७१७

# नागार्जुन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरिसिद्धि, सीतापाइला, काठमाडौं

बागमती प्रदेश, नेपाल ।

प.सं.:- ०८१/०८२

च.नं.:- ५००३

सूचना । सूचना । सूचना ।

## (दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/२८)

प्रस्तुत विषयमा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट आ.व. ०८१/०८२ मा यस नागार्जुन नगरपालिकाका लागि विनियोजित सशर्त अनुदान कार्यक्रम अर्न्तगत अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग (CBR) कार्यक्रम संचालन गर्न मिति २०८२/०१/२८ गतेको सि.वि.आर. समन्वय तथा अनुगमन समितिको बैठकको निर्णय अनुसार अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैंर सरकारी संस्थाहरुसँगको साझेदारीमा नगरपालिका भित्रका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री खरिद गर्नु पर्ने भएको हुदाँ तपशिलमा उल्लेखित कागजातहरु समेत संलग्न राखि यस नगर क्षेत्र भित्र काम गर्ने स्थानिय संस्था वा सो नभएमा जिल्ला भित्र कै संस्था मध्येबाट छनौट गर्ने गरी यो सुचना प्रकासित भएको मितिले ०७ दिन भित्र यस नागार्जुन नगरपालिका महिला तथा बालबालिका शाखामा दरखास्त पेश गर्न हुन यो सुचना प्रकासित गरिएको छ ।

**तपशिल :**

(क)**संस्थाले संचालन गर्नुपर्ने कार्यक्रम : अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न किसिमका साहायक सामाग्रीहरु (ह्विलचियरः ३० वटा, डाईपरः ३० पाकेट, कम्वोड चियरः ५ वटा र वकरः ५ वटा) खरिद तथा अपाङ्गता भएका व्यक्तिका लागि १ दिने अभिमुखिकरण कार्यक्रम**

ख) विनियोजित वजेट रु .३०००००।( तिन लाख )

(ग) **दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु :**

(घ) संस्था अपाङ्गता भएका व्यक्तिद्धारा संचालित हुनु पर्ने छ र विधानमा सबै अपाङ्गताका भएका व्यक्तिका लागि काम गर्ने उद्धेश्य भएको हुनु पर्ने, अभिभावकहरुका संस्थाको हकमा भने बौद्धिक अपाङ्ग अटिजम, श्रवणदृष्टिहिन, डाउनसिन्ड्रोम र बहुअपाङ्गता भएका अभिभावकहरुको संस्था हुनुपर्ने

(ङ) जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता र नियमित नवीकरण गरेको हुनु पर्ने,

(च) संस्थाको आफ्नो कार्यालय र सम्पर्क नम्वर, इमेल ठेगाना भएको हुनु पर्ने,

(छ) संस्था स्थानीय तहमा सूचिकृत भएको हुनु पर्ने,

(ज)संस्था समाज कल्याण परिषदमा आवद्धता र नियमित नवीकरण भएको हुनु पर्ने,

(झ) अपाङ्गताको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव र नियमित लेखा परिक्षण गरेको हुनु पर्ने छ ।

(ञ)संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्शाउने कागजात,

(ट) संस्थाले आवश्यक ठानेका अन्य कागजात

थ) संस्था वा संस्थामा काम गर्ने वर्तमान पदाधिकारी, कर्मचारी वा स्वयेसेवक कुनै लैङ्गिक तथा यौन दुव्यवहार, भेदभाव जन्य कामहरु, भष्टचार, गैरकानुनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्ने ।

........................

शिव प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत